प्रदेश सरकार
प्रदेश नं. ५
☎ : ०७१-५५०६१०

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बुटवल, नेपाल

पत्र संख्या:- २०७६/७७
चलानी नं.:- ३३५२

मिति: २०७७/०३/१७

श्री सबै मन्त्रालय, प्रदेश नं. ५ ।
श्री नेपाली सेना, मध्यपश्चिम पृतना, बुटवल ।
श्री ५ नं. प्रदेश प्रहरी कार्यालय, दाङ्ग ।
श्री सशस्त्र बल ५ नं. बाहिनी, चन्द्रौटा, कपिलबस्तु ।
श्री राष्ट्रिय अनुसन्धान विभाग, बुटवल कार्यालय ।
श्री सबै जिल्ला प्रशासन कार्यालय, प्रदेश नं. ५ ।
श्री सबै जिल्ला कोरोना संकट व्यवस्थापन केन्द्र, प्रदेश नं. ५ ।
श्री सबै उप-महानगरपालिका, नगरपालिका, गाउँपालिका, प्रदेश नं. ५ ।
श्री सदस्यज्यूहरु, सबै (CCMC प्रदेश नं. ५) ।

बिषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत बिषयमा मा. मुख्यमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७७/०३/१६ मा बसेको **"कोरोना संकट व्यवस्थापन केन्द्र (CCMC)"** को बैठक बाट भएका निर्णयहरु आवश्यक कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न गरि पठाइएको व्यहोरा अनुरोध छ ।

(प्रेम बहादुर गौतम)
अधिकृत सातौं

सादर अवगतार्थः
मा. मुख्यमन्त्रीज्यू, प्रदेश नं. ५ ।
मा. मन्त्रीज्यू, आन्तरिक मामिला तथा कानून,
मा. मन्त्रीज्यू, भौतिक पूर्वाधर विकास,
मा. मन्त्रीज्यू, उद्योग, पर्यटन, वन तथा वातावरण,
मा. मन्त्रीज्यू, सामाजिक विकास,
मा. मन्त्रीज्यू, भूमि व्यवस्था, कृषि तथा सहकारी,

**मिति २०७७।३।१६ गते माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा बसेको प्रादेशिक COVID-19 संकट व्यवस्थापन केन्द्रको बैठकका निर्णयहरु :-**

१. नेपाल सरकार, कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट यस प्रदेशस्थित आइसोलेसन केन्द्रहरु संचालन र व्यवस्थापन गर्न प्राप्त रु सात करोड प्रदेश सरकारको कोरोना भाइरस नियन्त्रण तथा उपचार कोषमा जम्मा गर्ने।

२. जिल्ला कोरोना संकट व्यवस्थापन केन्द्रमार्फत जिल्लाभरका आइसोलेन सेण्टरको संख्या, बेड संख्या, आइसोलेसन सेण्टरमा रहेका संक्रमितको संख्यालगायतको विवरण माग गरी आवश्यकता विश्लेषणको आधारमा सामाजिक विकास मन्त्रालयले जिल्ला विपद व्यवस्थापन कोष र पालिकास्तरीय विपद व्यवस्थापन कोषमा रकम उपलब्ध गराउने र पालिकास्तरलाई उपलब्ध गराएको रकमको जानकारी जिल्ला कोरोना संकट व्यवस्थापन केन्द्रलाई गराउने।

३. प्रदेशका सबै जिल्लामा कोभिड- १९ विस्तार हुँदै गएको र सो संक्रमणको सघनता थपिनसक्ने जोखिम कायम रहेको सन्दर्भमा सबै पालिकाहरुले आइसोलेसन सेण्टरहरुलाई थप व्यवस्थित गरी संचालन गर्ने।

४. कोभिड-१९ को हालको अवस्था विश्लेषण गर्दा पालिकाहरुले संचालनमा ल्याएको क्वारेन्टाइनमा बस्ने व्यक्तिहरुको संख्या घटदोक्रममा रहेको पाइएकोले पालिकाहरुले आवश्यकता विश्लेषण गरी हरेक स्थानीयतहमा न्यूनतम १०० बेड क्षमताको एक वा दुइ वटा पालिकास्तरीय क्वारेन्टाइन कायम राखी

मुख्यमन्त्री

आवश्यकतानुसार अन्य क्वारेण्टाइन संख्या न्यून गर्ने । यसरी हटाइएका क्वारेण्टाइनहरुको सुरक्षापूर्वक नि:सक्रमण गर्ने व्यवस्था मिलाउने।

५. प्रदेश सरकारबाट संचालनमा ल्याइएका कोभिड-१९ रोग परिक्षण प्रयोगशालाहरु सामाजिक विकास मन्त्रालयले थप व्यवस्थित गरी बढी भन्दा बढी नमुना परिक्षण गर्नसकिने गरी क्षमता विस्तार गरी संचालन गर्ने।

६. कोभिड-१९ रोगको परिक्षणको दायरा विस्तार गर्दा आवश्यक पर्ने परिक्षण किट, स्वास्थ्य सामग्री, व्यक्तिगत सुरक्षा कवचहरु नेपाल सरकारसँग समयमै माग गर्ने साथै, आवश्यकताबमोजिम सामाजिक विकास मन्त्रालयले नियमानुसार खरिद गरी व्यवस्थापन गर्ने।

७. स्थानीय तहहरुले क्वारेण्टाइन संचालन र व्यवस्थापन गरेवापतको खर्च नेपाल सरकारसँग माग गर्न वाँकी रहेको भए सोसँग सम्वन्धित बिल भरपाई लगायतका विवरणहरु संलग्न गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषसँग रकम माग गरी पठाउने।

८. बन्दावन्दी खुकुलो हुँदै जाँदा सवारी साधन, सर्वसाधारणको बढी भिडभाड हुने स्थानहरुमा आवश्यक स्वास्थ्य सुरक्षाका सामग्रीहरुको प्रयोग विनानै मानिसहरुको आवतजावत बढन गएको देंखिदा कोरोना भाइरसको संक्रमण व्यापक रुपमा फैलन सक्ने संभावनालाई मध्यनजर गरी सामाजिक विकास मन्त्रालयले सामाजिक दुरी कायम गर्न र मास्क, पंजा लगायतका स्वास्थ्य सामग्रीहरुको अनिवार्य प्रयोग गर्न सबैमा सचेतनामूलक सूचना तथा जानकारीहरु विभिन्न संचारमाध्यमबाट प्रकाशन र प्रसारण हुने व्यवस्था मिलाउने ।

मुख्यमन्त्री

मुख्यमन्त्री

९. प्रदेशमा संक्रमितहरुको संख्या बढदै जाँदा समुदायस्तरमा समेत संक्रमण फैलिनसक्ने संभावना भएकोले आवश्यकता पर्दा संकास्पद स्थानहरुमा Community Tracing गर्न आवश्यक स्वास्थ्य सामग्रीसहित सामाजिक विकास मन्त्रालयले तयारी गरी राख्ने ।

१०. लक्षण देखिएका तर परिक्षण नभएका व्यक्तिलाई आइसोलेसन वार्ड खडा गरी अस्पतालमा राख्न सामाजिक विकास मन्त्रालयले अस्पतालहरुलाई निर्देशन दिने । यसरी आइसोलेसन वार्डमा राखिएका व्यक्तिहरुको स्वाव संकलन गरी परिक्षणका पठाउने र निजहरुलाई रिपोर्ट नआएसम्म उपचारको आवश्यक व्यवस्था मिलाउने ।

मुख्यमन्त्री